नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(स्वास्थ्य समन्वय महाशाखा)

पत्र संख्या: (१) २०७५।०७६
चलानी नं.: ९४९

रामशाहपथ,
काठमाडौं, नेपाल
**मिति: २०७६/२/१३**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

**विषयः स्थानीय तथा प्रदेश तहका स्वास्थ्य संस्थाहरुको मासिक प्रतिवेदन बारे ।**

**श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,**
**सबै प्रदेशहरु ।**

स्वास्थ्य सूचना प्रणालीलाई एकीकृत तथा बिस्तृतरुपमा बिकास गर्ने अवधारणा अनुरुप सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएका स्वास्थ्य सेवाहरुको सूचना सकंलन गरी प्राप्त सूचनालाई गुणस्तरीय बनाई स्वास्थ्य सेवाका विभिन्न तहहरुको योजना तर्जूमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन कार्यमा सो सूचनाको प्रयोग गर्दै आईरहेको व्यहोरा बिदित छ ।

बिभिन्न तहका स्वास्थ्य संस्थाहरुवाट e-reporting (DHIS2 Online Software) का माध्यमबाट मिति २०७६ जेठ ६ गते सम्म प्राप्त भएको चालु आ.ब. २०७५/७६ को श्रावण देखि चैत्र महिना (प्रथम ९ महिना) को मासिक प्रतिवेदनको अवस्था "Month wise Reporting Rate Summary of LLG (Based On HMIS Reporting # 9.3) By Province / Municipality" र "Month wise Reporting Rate Summary of LLG (Based On HMIS Reporting # 9.3, 9.4 and 9.5) By Province / Municipality" स्थानीय तह (गाउ पालिका / नगर पालिका) अनुसार तयार गरी यसैसाथ सम्लग्न गरिएको छ । उक्त विवरणमा उल्लेख भए अनुसार कुनै पालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुको शतप्रतिशत मासिक प्रतिवेदन नियमित रुपमा अनलाइन सफ्टवेयमा प्रबिष्ठ (Data Entry) भएको छ भने कुनै पालिका अन्तरगतका स्वास्थ्य संख्याहरुको नियमित प्रतिवेदन हुन नसकी अपेक्षाकृत भन्दा न्यून प्रतिशत मात्र प्रविवेदन प्राप्त भएको र कुनै पालिकामा भने हालसम्म पनि अनलाइन रिपोर्टिङको कार्य शुरु नै हुन नसकी अन्तरगतका स्वास्थ्य संस्थाहरुको शुन्य प्रतिवेदन भएको अवस्था देखिन्छ । ब्यबस्थापन महाशाखाबाट सो को वारेमा सम्वन्धित प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय र पालिकाहरुलाई पटक पटक सूचना प्रवाह गरेको व्यहोरा समेत अनुरोध छ ।

बिभिन्न तहमा संचालन हुने चालु आ.ब. २०७५/७६ को बार्षिक समीक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पादन गर्नका लागि समीक्षा कार्यक्रम शुरु हुन पूर्व नै तीनै तहका सम्पूर्ण स्वास्थ्य संस्थाहरुको चालु आ.ब. २०७५/०७६ को बाह्रै महिनाको प्रतिवेदन शतप्रतिशत संकलन गरी आगामी आर्थिक वर्ष २०७६/७७ को भाद्र महिनाको १५ गते सम्ममा अनलाइन सफ्टवेयमा प्रबिष्ठ गरिसक्नु पर्ने अपरिहार्यता हुन आउँछ । सो का लागि हालसम्म स्वास्थ्य संस्थाहरुबाट पूर्ण प्रतिवेदन हुन नसकेका र शून्य प्रतिवेदनको अवस्था रहेका स्थानीय तह मातहतका स्वास्थ्य संस्थाहरुको बाँकी महिनाका प्रतिवेदन (सम्लग्न विवरण अनुसार) र सम्पूर्ण संस्थाहरुको आगामी महिनाको प्रतिवेदन संकलन गरी निर्धारित समयाबधि भित्र नै सफ्टवेयरमा प्रबिष्ठ गरिसक्नु पर्दछ । आ.ब. २०७६ भाद्र महिनाको १५ गते (प्रस्तावित) पश्चात् DHIS2 System मा चालु आ.ब. २०७५/०७६ का महिनाहरुको प्रतिवेदन प्रबिष्ठ गर्न रोक लगाइने (Data Entry Lock गर्ने) कार्ययोजना रहेकोले सो अबधि पश्चात् Data Entry गर्न नमिल्ने भएकोले सो अबधि अगाबै सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट चालु आ.ब. २०७५/०७६ का बाह्रै महिनाको प्रतिवेदन संकलन गरी सफ्टवेयरमा प्रबिष्ठ समेत गरी सक्ने वारेको पूर्वजानकारी सम्वन्धित सामाजिक बिकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनाल, स्वास्थ्य कार्यालय र स्थानिय तहमा पत्राचार गरिदिने व्यवस्थाका लागी अनुरोध छ ।

२।५३

**शम्भु काफ्ले**
**जनस्वास्थ्य प्रशासक**

**बोधार्थः-**

१। श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाडौं ।

२। श्री स्वास्थ्य सेवा बिभाग, व्यवस्थापन महाशाखा काठमाण्डौ ,टेकु ,।